कर सहयोगी श्रमिक संगठन, नेपाल

केन्द्रिय कमिटी, बबरमहल, काठमाडौं

नेपाल सरकार
श्रम तथ रोजगार मन्त्रालय
श्रम विभाग
मिनभवन, काठमाण्डौ
२०६५

TAX COUNSELLER WORKERS ORGANIZATION OF NEPAL

COWNT

ESTD. 2068

विधान

(२०६८)

नेपाल सरकार
श्रम तथ रोजगार मन्त्रालय
श्रम विभाग
...भवन, काठमाण्डौ
२०६३

प्रस्तावना

नेपालमा कर लेखाको क्षेत्रमा करदाता र कार्यालयको सहयोगीको रुपमा कार्यरत श्रमिकहरुको पेशागत हक, हित र सुरक्षाको निमित्त कर सहयोगी श्रमिकहरु स्वयम संगठित हुनुपर्ने कुरालाइ महशुस गरी देशभरिका कर सहयोगी श्रमिकहरुलाई एउटै यूनियनमा संगठित गरी श्रमिकहरुको हक, हित सुरक्षित गर्नको लागि साफा श्रमिक पक्षिय ट्रेड यूनियन आन्दोलन सृजना गर्न स्वतन्त्र, मजदुरमा आधारित, संघर्षशिल र समाजवादी सिद्धान्तका आधारमा संचालित हुने, प्रगतिशिल एवं लोकतान्त्रिक चरित्र ग्रहण गर्ने गरी कर सहयोगी श्रमिक संगठन, नेपाल गठन गरेका छौं । यो यूनियन साधारण सदस्यहरुको संयुक्त ट्रेड यूनियन संघ हुनेछ । यसले राष्ट्रियता तथा जनजिविकाका निम्ति संघर्ष गर्ने अन्य जन संगठन र व्यक्तित्वसँग तथा सामाजिक संस्था तथा आन्दोलनसँग मित्रतापूर्ण र सहयोगी सम्वन्ध कायम गर्नेछ । यस यूनियनले कर सहयोगी श्रमिकहरुले जीवनस्तरमा सुधार गर्दै उनीहरुको हक, हित र अधिकारको रक्षा गर्ने, रोजगारीको सुरक्षाको ग्यारेन्टीका साथै सामाजिक दायित्वप्रति उत्तरदायी बनाउने र जिम्मेवार नागरिकको रुपमा भूमिका निर्वाह गरी न्यायपूर्ण समाज स्थापनाको आन्दोलनमा योगदान पुऱ्याउने उद्देश्य साथ ट्रेड यूनियन ऐन २०४९ बमोजिम कर सहयोगी श्रमिक संगठन, नेपाल नामको ट्रेड यूनियन संघ दर्ता गरी संचालन गर्न आवश्यक भएकोले कर सहयोगी श्रमिक संगठनको, नेपाल विधान २०६३ तर्जुमा गरी जारी गरिएको छ ।

परिच्छेद - १

धारा १- संक्षिप्त नाम:

यस यूनियनको नाम "कर सहयोगी श्रमिक संगठन, नेपाल" रहनेछ । यसलाई अंग्रेजीमा (TAX CONSELLER WORKERS ORGANIZATION OF NEPAL) र छोटकरीमा COWNT भनिनेछ । यस विधानमा संगठनलाई यूनियन मात्र लेखिएको छ ।

धारा २- प्रारम्भ:

यो विधान पञ्जिकाधिकारी कार्यालयले यूनियन दर्ता मितिदेखि लागू हुनेछ ।

धारा ३ - ट्रेड यूनियन संघ हुने:

यो यूनियन कर लेखाको क्षेत्रमा कार्यरत श्रमिकहरुको साफा ट्रेड यूनियन संघ हुनेछ ।

धारा ४- फण्डा र प्रतिक चिन्ह:

(क) यूनियनको फण्डा अनुसूची - १ बमोजिम हुनेछ ।

(ख) यूनियनको प्रतिक चिन्ह अनुसूची - २ बमोजिम हुनेछ ।

धारा ५- संगठित संस्था हुने:

(क) यो यूनियन अवछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(ख) यूनियनको काम कारवाहीको लागि यसको आफ्नै छुट्टै छाप हुनेछ।

(ग) यूनियनले व्यक्ति सरह चल अचल संम्पति प्राप्त गर्न, उपभोग गर्न, वेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(घ) यूनियनले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र यूनियन उपर पनि सोही नाममा उजुर नालिस गर्न सकिनेछ।

परिच्छेद - २

धारा ६- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

१. "कर सहयोगी श्रमिक" भन्नाले कर लेखा सम्वन्धी आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क र आन्तरिक राजश्व कार्यालयमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनी वा करदाताको तर्फबाट कर सहयोगी भै उपस्थित हुने र त्यस वापत पारिश्रमिक लिने व्यक्तिलाई सम्झनु पर्दछ।

२. सदस्य मात्र वा साधारण सदस्य भन्नाले यस यूनियनको सदस्यलाई सम्झनु पर्दछ।

३. "ट्रेड यूनियन भन्नाले प्रतिष्ठान स्तरको ट्रेड यूनियन, ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघ समेतलाई सम्झनु पर्दछ।

४. "ट्रेड यूनियन संघ" भन्नाले ट्रेड यूनियन ऐन २०४९ को दफा ४ बमोजिम गठित ट्रेड यूनियन संघलाई सम्झनु पर्दछ।

५. "ट्रेड यूनियन महासंघ" भन्नाले ट्रेड यूनियन ऐन २०४९ को दफा ५ बमोजिम गठित ट्रेड यूनियन महासंघलाई सम्झनु पर्दछ।

६. "सम्वद्ध महासंघ" भन्नाले यो यूनियनले सदस्यता लिएको ट्रेड यूनियन महासंघलाई सम्झनु पर्दछ।

७. "मातहतका कमिटी" भन्नाले आफू अन्तर्गतको आफ्नो भन्दा कम क्षेत्राधिकार भएको कमिटीलाई सम्झनु पर्दछ र सो शब्दले सदस्य यूनियनलाई समेत सम्झनु पर्दछ।

८. "सम्मिलित" भन्नाले दुई भन्दा बढी ट्रेड संघ एक आपसमा मिलेर नयाँ ट्रेड यूनियन संघ बन्ने प्रक्रिया सम्झनु पर्दछ।

९. "तोके वा तोकिए बमोजिम" भन्नाले यस यूनियनले केन्द्रीय कमिटीले तोके वा तोकिएको भन्ने बुझ्नु पर्दछ ।

परिच्छेद - ३
उद्देश्य तथा कार्य

धारा ७- यूनियन स्थापनाको उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) कर सहयोगीहरुलाई संगठित बनाई पेशागत मर्यादा कायम गर्दै उनीहरुको पेशागत हक हितको रक्षा गर्ने ।

(ख) कर सहयोगीहरुको अवस्थामा सुधार गरी तिनीहरुको आर्थिक र सामाजिक उन्नतिको लागि कार्यरत रहने ।

(ग) श्रम अनुसारको पारिश्रमिक तथा सुविधा सुनिश्चित गर्ने ।

(घ) करदाता र कर प्रशासन विचको सहयोगीको भूमिका निर्वाह गर्दै सुमधुर सम्वन्ध बनाउन प्रयत्न गर्ने ।

(ङ) नेपाली नागरिकहरुले मात्र कार्य गर्न पाउने नागरिक अधिकारको ग्यारेन्टी गर्नको लागि प्रयत्न गर्ने ।

(च) कर सहयोगी माथि विभिन्न क्षेत्रबाट हुने सवैखाले शोषण प्रवृतिको अन्त्य गर्ने ।

(छ) कर सहयोगीहरुको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन विभिन्न गोष्ठी सेमिनार गरी आवश्यक तथ्यहरु प्रकाशन गर्ने

(ज) कर सहयोगीहरुको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने सम्वन्धमा नेपाल सरकारसँग वार्ता गर्ने र दवावमूलक कार्यक्रम लगायत अन्य उपाय अवलम्वन गर्ने ।

(झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अन्य ट्रेड यूनियन तथा जनसंगठनको जायज तथा न्यायपूर्ण मागप्रति ऐक्यवद्धता जाहेर गर्ने र त्यस्ता मागलाई समर्थन गर्न आवश्यक नीति अवलम्वन गर्ने ।

(ञ) सम्वद्ध महासंघको नीति निर्देशन र परामर्श अनुसार कर सहयोगीसँग सम्वन्धित काम गर्ने ।

(ट) कर सहयोगीहरुलाई संकटको अवस्थामा आर्थिक सहयोग प्रदान गर्न आकस्मिक कोषको तर्जुमा तथा संचालन गर्ने ।

(ठ) राजश्व प्रशासनको क्षेत्रमा रहेका विकृति र विसंगतीको अन्त्य गर्न प्रयत्न गर्ने ।

(ङ) राजश्व प्रशासनलाई पारदर्शी तथा अनुशासित बनाउन प्रयत्न गर्ने ।

(ढ) कर सहयोगीको हैसियतले राजश्व संकलन र वृद्धिमा सहयोग पुऱ्याउन प्रयत्न गर्ने ।

धारा ८- यूनियन स्थापनाको उद्देश्य देहाय बमोजिम रहेका छन्:

यो यूनियन देशभक्त प्रगतिशिल र प्रजातान्त्रिक चरित्रको हुनेछ । यो यूनियन सदस्य यूनियन तथा साधारण सदस्यहरुको संयुक्त ट्रेड यूनियन संध हुनेछ । यसले राष्ट्रियता प्रजातन्त्र तथा जनजिविकाको निमित्त संघर्ष गर्ने अन्य जनसंगठन र व्यक्तिसँग तथा सामाजिक संस्थासँग मित्रतापूर्ण र सहयोगी सम्बन्ध राख्नेछ ।

नेपाल सरकार
श्रम तथ रोजगार मन्त्रालय
श्रम विभाग
मिनभवन, काठमाण्डौ
२०६५

परिच्छेद - ४

धारा ९- सदस्यता प्राप्ति:

१. देहायका योग्यता पुगेका व्यक्ति यस ट्रेड यूनियनको सदस्य हुन सक्नेछन् - यस यूनियनको विधान तथा कार्यक्रमलाई मान्ने, एस.एल.सी. उत्तिर्ण गरेका नेपाली नागरिकता प्राप्त कुनैपनि कर सहयोगी श्रमिकहरु यस यूनियनको सदस्य हुन सक्नेछन् ।

२. उपदफा (१) बमोजिम सदस्य हुन चाहने व्यक्तिले केन्द्रीय कमिटी समक्ष निवेदन दिनु पर्नेछ र यस्तो निवेदन बमोजिम सदस्यता दिने वा नदिने अधिकार केन्द्रीय कमिटीमा रहनेछ ।

३. उपदफा (२) अनुसार सदस्यता प्रदान गरिएका व्यक्तिलाई सदस्य भनी उल्लेख गर्न सक्नेछ ।

४. सदस्यले यस यूनियनले तोके अनुसारको सदस्यता शुल्क वुझाउनु पर्नेछ ।

५. सदस्यले प्रत्येक १/१ वर्षमा सदस्यता नविकरण गर्नु पर्नेछ ।

६. योग्यता पुगेका व्यक्तिले देहाय बमोजिमको शुल्क तिरी सदस्यता प्राप्त गर्न र नविकरण गर्न सक्छन्-

साधारण सदस्यहरुको लागि प्रवेश शुल्क रु. ५०।-

साधारण सदस्यता शुल्क वार्षिक रु.३६०।-

धारा १०- सदस्यता सम्वन्धी विशेष व्यवस्था

१. यूनियनको केन्द्रीय कमिटीले आवश्यक ठानेमा यस यूनियनको विधान तथा कार्यक्रमलाई मान्ने र यस क्षेत्रका सो कार्यमा लागिरहेको व्यक्तिलाई यूनियनको सदस्यता जारी गर्न सक्नेछ ।

२. उपदफा (१) अनुसारको सदस्यलाई यूनियनको सदस्य सरहको अधिकार हुनेछ ।

धारा ११- सदस्यता समाप्ति

देहायका अवस्थामा सदस्यता समाप्ति भएको मानिनेछ-

(क) नेपाल सरकारको प्रचलित ऐन कानून अनुसार फौजदारी अभियोग लागेको र मानसिक सन्तुलन गुमाएको ।

(ख) अर्को ट्रेड यूनियनको सदस्यता लिएमा ।

(ग) मृत्यु भएमा ।

(घ) विधान बमोजिम निष्काशन गरिएमा ।

(ङ) लगातार ३ वर्षसम्म सदस्यता नविकरण नगरेमा ।

नेपाल सरकार
श्रम तथ रोजगार मन्त्रालय
श्रम विभाग
सिंहदरबार, काठमाण्डौ
२०६५

धारा १२- सदस्यता ढाँचा :

यूनियनले वितरण गर्ने सदस्यता पत्र केन्द्रीय कमिटीले तोकिदिएको ढाँचा अनुसारको हुनेछ ।

परिच्छेद - ५
संगठनात्मक सिद्धान्त तथा ढाँचा

धारा १३- संगठनात्मक सिद्धान्त:

(क) यो यूनियन अल्पमत बहुमतको अधिनस्त, तल्लो कमिटी माथिल्लो कमिटीको अधिन सम्पूर्ण कमिटी तथा सदस्यहरु केन्द्रीय कमिटीको अधिनस्त र केन्द्रीय कमिटी राष्ट्रिय सम्मेलनको अधिन हुने सिद्धान्त अनुरुप संचालन हुनेछ ।

(ख) आलोचना र आत्मलोचनाको पद्धतिलाई प्रमुखताका साथ अपनाइनेछ ।

धारा १४- यूनियनको संगठनात्मक ढाँचा देहाय बमोजिम हुनेछ:

(क) राष्ट्रिय सम्मेलन

(ख) केन्द्रीय कमिटी

(ग) जिल्ला कमिटी

(घ) साधारण सदस्य

आवश्यकता अनुसार केन्द्रीय विभागहरु गठन गर्न सक्नेछ । केन्द्रीय कमिटीले आवश्यक ठानेमा आफ्नो मातहतमा रहने गरी समन्वयकारी कमिटी गठन गर्न सक्नेछ ।

परिच्छेद - ६
सम्मेलन कमिटीहरु तथा बैठक

धारा १५- राष्ट्रिय सम्मेलन:

(क) राष्ट्रिय सम्मेलन यूनियनको सर्वोच्च नेतृत्वदायी निकाय हुनेछ ।

(ख) राष्ट्रिय सम्मेलन प्रत्येक ४ वर्षमा हुनेछ । विशेष अवस्थामा केन्द्रीय कमिटीले सम्मेलन निर्धारित समयभन्दा छिटो वा ढिलो बोलाउन सक्नेछ, बहुमत सदस्यहरुले माग गरेमा केन्द्रीय कमिटीले राष्ट्रिय सम्मेलन ३ महिना भित्र बोलाउनु पर्नेछ । नबोलाएमा राष्ट्रिय सम्मेलन माग गर्ने सदस्यहरुले आफै राष्ट्रिय सम्मेलन बोलाई नयाँ नीति तथा नेतृत्वको चयन गर्न सक्नेछन् ।

(ग) राष्ट्रिय सम्मेलनमा देहाय बमोजिम प्रतिनिधित्व हुनेछन्:-

१. केन्द्रीय कमिटीका सम्पूर्ण सदस्यहरु

२. मातहत कमिटीबाट कम्तिमा २ तिहाइ जना र मातहत कमिटीको सदस्यताको अनुपातमा १० जना बराबर थप १ जनाको दरले । तर केन्द्रीय कमिटीको निर्णयले प्रतिनिधि संख्याको अनुपात थप गर्न सक्नेछ ।

३. केन्द्रीय कमिटीले सम्पूर्ण प्रतिनिधि संख्याको ५% सम्म मनोनित गर्न सक्नेछ ।

(घ) राष्ट्रिय सम्मेलनको काम कर्तव्य र अधिकार :-

१. यूनियनको विधान तर्जुमा तथा संशोधन गर्ने ।

२. यूनियनको प्रतिवेदन, प्रस्ताव, नीति तथा कार्यक्रम तर्जुमा गर्ने तथा त्यसलाई पारित गर्ने ।

३. अघिल्लो केन्द्रीय कमिटीले गरेको कामको सिहांवलोकन गर्ने ।

४. केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यको निर्वाचन गर्ने ।

५. विधानको अन्य भागमा राष्ट्रिय सम्मेलनले गर्ने भनेका कामहरु गर्ने ।

(ङ) राष्ट्रिय सम्मेलन गर्नको लागि एक अध्यक्ष मण्डलको चयन गरिनेछ सो अध्यक्ष मण्डलले निर्वाचन सम्वन्धी कार्यविधी आफै तयार गर्नेछ ।

धारा १६- केन्द्रीय कमिटी :

(क) राष्ट्रिय सम्मेलनको अवधि बाहेकको अन्य अवस्थामा यूनियनको सर्वोच्च नेतृत्वदायी निकाय केन्द्रीय कमिटी हुनेछ । केन्द्रीय कमिटीको पदावधि सामान्यतया ४ वर्षको हुनेछ ।

(ख) केन्द्रीय कमिटीको गठन-

केन्द्रीय कमिटीमा अध्यक्ष-१, उपाध्यक्ष-२, महासचिव-१, सचिव-२, (जसमध्ये आर्थिक सचिव-१ र प्रशासनिक सचिव - १ हुनेछ) सहित ७ जना केन्द्रीय सदस्य गरी आफू मध्येबाट १३ सदस्य केन्द्रीय कमिटीको निर्वाचन गर्नेछ र सदस्यहरुले आफू मध्येवाट पदाधिकारी छनौट गर्नेछन् ।

(ग) केन्द्रीय कमिटीले आफूमध्येबाट बढीमा एक तिहाइ सदस्य रहनेगरी सचिवालय गठन गर्न सक्नेछ । सचिवालय केन्द्रीय कमिटीप्रति उत्तरदायी हुनेछ ।

(घ) केन्द्रीय कमिटीको काम, कर्तव्य र अधिकार :-

१. राष्ट्रिय सम्मेलनले पारित गरेको विधानको अधिनमा रही कार्यक्रम र उद्देश्य अनुरुप काम गर्दै उक्त कार्यक्रलाई लागु गर्ने ।
२. मातहत कमिटी संचालन नियन्त्रण र नेतृत्व गर्ने ।
३. विधानका अन्य धाराहरुमा केन्द्रीय कमिटीले गर्नेछ भन्ने उल्लेख भएका कामहरु गर्ने ।
४. केन्द्रीय कमिटीको रिक्त रहेको पदमा केन्द्रीय कमिटीको बहुमतले पदपूर्ति गर्न सक्नेछ ।
५. केन्द्रीय कमिटीले आवश्यकता अनुसार ३ जनामा नबढाई सल्लाहकारको व्यवस्था गर्न सक्नेछ ।

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
श्रम विभाग
बिजुलीभवन, काठमाण्डौं
२०६५

धारा १७- जिल्ला कमिटीको काम, कर्तव्य र अधिकार :

१. जिल्ला कमिटीको काम, कर्तव्य र अधिकार भौगोलिक क्षेत्र केन्द्रीय कमिटीले तोके बमोजिम हुनेछ ।
२. सम्मेलनले जिल्ला कमिटी निर्माण गर्नेछ । जिल्ला कमिटीमा अध्यक्ष-१, उपाध्यक्ष -१, सचिव -१, सह-सचिव - १, कोषाध्यक्ष - १ गरी जम्मा ९ सदस्य रहनेछन् ।
३. जिल्ला सम्मेलन र जिल्ला कमिटी सम्बन्धी अन्य व्यवस्था केन्द्रीय कमिटीले तोके बमोजिम हुनेछ ।

धारा १८- बैठक सम्बन्धी व्यवस्था :

(क) केन्द्रीय कमिटीको बैठक प्रत्येक ४/४ महिनामा बस्नेछ र मातहत कमिटीको वैठक प्रत्येक ३/३ महिनामा बस्नेछ । बैठक विशेष अवस्थामा निर्धारित समयभन्दा छिटो वा ढिलो गर्न सकिनेछ ।

(ख) बैठकमा कूल सदस्यको ५१% सदस्य उपस्थित नभई गणपूरक संख्या पुगेको मानिने छैन ।

(ग) बैठकमा बराबरी मत आएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(घ) प्रत्येक कमिटीको बैठकमा माथिल्लो कमिटीका प्रतिनिधि उपस्थित हुने सक्नेछन् ।

(ङ) माथि धार १८ “ख” मा जेसुक कुरा लेखिएको भएतापनि लगातार २ पटकसम्म बैठक बोलाउँदा पनि बहुमतको उपस्थिति हुन नसके उपस्थित सदस्य मध्येको बहुमतको निर्णय कमिटीको निर्णय मानिनेछ ।

(च) विशेष अवस्थामा विशेष महत्वको प्रश्न हल गर्नु परेमा सम्वन्धित कमिटीले विस्तारित बैठक वा भेला बोलाई निर्णय गर्नु पर्नेछ । सो निर्णयलाई सम्वन्धित तहको आउँदा सम्मेलनबाट पारित गराउनु पर्नेछ । कुनैपनि तहको विस्तारित बैठकमा सम्वन्धित कमिटीले तोकेको सदस्यले प्रतिनिधित्व गर्नेछ ।

परिच्छेद - ७
पदाधिकारीको काम कर्तव्य र अधिकार

धारा १९- अध्यक्षः

(क) सम्वन्धित कमिटीको बैठकको अध्यक्षता गर्ने ।

(ख) महासचिवलाई बैठक बोलाउन निर्देशन दिने ।

(ग) कमिटीका सदस्यहरुको कामको रेखदेख तथा निरिक्षण गर्ने ।

(घ) आफ्नो कमिटीको नेतृत्व प्रदान गर्ने

धारा २०- उपाध्यक्ष

(क) अध्यक्ष नभएको बेलामा अध्यक्षले गर्ने सम्पूर्ण काम उपाध्यक्षले गर्ने छन् ।

(ख) अध्यक्षलाई आवश्यक सहयोग प्रदान गर्नेछन् ।

धारा २१- महासचिव

(क) अध्यक्षको परामर्श लिई बैठकका लागि विषयवस्तु तयार गर्ने र वैठक बोलाउने ।

(ख) कमिटीको दैनिक कार्य संचालन गर्ने ।

(ग) बैठकको निर्णय प्रमाणित तथा प्रकाशित गर्ने ।

(घ) यूनियनको कागजपत्र चल-अचल सम्पतिको संकलन तथा संरक्षण गर्नुका साथै त्यसको विवरण राख्ने ।

धारा २२- प्रशासनिक सचिव :

(क) महासचिवको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्नेछन् ।

(ख) महासचिवलाई आवश्यक सहयोग दिनेछन् ।

धारा २३- आर्थिक सचिव

(क) आम्दानी खर्चको फाँटवारी राख्ने ।

(ख) बजेट तयार पारी बैठकमा पेश गर्ने ।

(ग) यूनियनको आर्थिक नेतृत्व प्रदान गर्ने ।

नेपाल सरकार
श्रम तथ रोजगार मन्त्रालय
श्रम विभाग
सिंहदरबार, काठमाण्डौ
२०६५

धारा २४- सदस्यहरु

(क) कमिटीको बैठकमा भाग लिने, छलफल गर्ने र मतदान गर्ने ।

(ख) साँगठनिक र सामुहिक भावनालाई बलियो बनाउँदै यूनियनको दैनिक व्यवहारिक गतिविधिमा संलग्न हुने ।

(ग) सम्मेलनबाट पारित नीति कार्यक्रमलाई लागू गर्न प्रयत्नशील रहने ।

(घ) यस धाराको (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैठकमा भाग लिने, छलपल गर्ने र मतदान गर्ने अधिकार सम्बन्धित कमिटीका सबै पदाधिकारीलाई हुनेछ ।

परिच्छेद - ८
राजिनामा पदरिक्तता तथा पदपूर्ति

धारा २५- राजिनामा

१. (क) कुनैपनि कमिटीमा अध्यक्षले सोही कमिटीका उपाध्यक्ष समक्ष र अन्य सदस्य तथा पदाधिकारीहरुले सम्वन्धित कमिटीका अध्यक्ष समक्ष राजिनामा पेश गर्न सक्नेछन् ।

(ख) माथि १ (क) बमोजिम पेश भएको राजिनामा सम्वन्धित कमिटीको वहुमतले स्वीकार गरेमा राजिनामा स्वीकृत भएको मानिनेछ ।

२. देहायका अवस्थामा कुनैपनि कमिटी वा पदाधिकारी तथा सदस्यको पदरिक्तता भएको मानिनेछ

(क) मृत्यु भएमा

(ख) धारा २५ (१) "ख" बमोजिम राजिनामा स्वीकृत भएमा

(ग) अनुशासनको कारवाहीमा परी निष्काशन भएमा

(घ) मानसिक सन्तुलन ठीक नभएमा

(ङ) लिखित सूचना नदिई लगातार ३ पटकसम्म सम्वन्धित कमिटीको बैठकमा उपस्थित नभएमा ।

धारा २६- पदपूर्ति

रिक्त भएको पदको पूर्ति सम्वन्धित कमिटीको सामान्य वहुमतले गर्नेछ । त्यसो गर्दा मातहत कमिटीहरुले माथिल्लो कमिटीबाट अनुमोदन गराउनु पर्नेछ ।

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
श्रम विभाग
मिनभवन, काठमाण्डौ
२०६५

परिच्छेद - ९

धारा २७- खराब आचरण

देहायको अवस्था विद्यमान भएमा खराब आचरण मानिनेछ-

(क) यूनियनको विधान, उद्देश्य कार्यक्रम विपरित कार्य गरेमा वा नेतृत्वको बर्खिलाप गरी हिडेमा ।

(ख) समानान्तर यूनियन खोलेमा वा विरोधी ट्रेड यूनियनको सदस्य भएको प्रमाणित भएमा ।

(ग) गलत उद्देश्यबाट प्रेरित भई यूनियनमा घुसपैठ गरेमा वा यूनियन विरोधी गुप्त वा खुल्ला गतिविधि गरेको प्रमाणित भएमा ।

(घ) नैतिकहिन कार्य गरेको ठहरेमा ।

(ङ) यूनियनको आर्थिक अनुशासन पालना नगरेमा वा भ्रष्टाचार गरेको प्रमाणित भएमा ।

धारा २८- कारवाहीको प्रकृति:

(क) धारा २७ बमोजिम खराव आचरण गरेमा देहाय बमोजिमको कारवाही हुन सक्नेछ ।

(ख) धारा २७ (क) बमोजिम प्रस्तुत प्रस्ताव सम्वन्धमा आरोपित सदस्यले जवाफ दिनु पर्नेछ ।

(ग) उपधारा (ख) बमोजिम सम्वन्धित सदस्यले जवाफ नदिएमा वा जवाफ दिएको भए सो जवाफ सम्वन्धमा आवश्यक छलफल गरी अविश्वास गर्नुपर्ने नदेखिएमा सम्वन्धित प्रस्तावक सदस्यले सो प्रस्ताव फिर्ता गर्न सक्नेछन् ।

(घ) उपधारा (ग) बमोजिम अविश्वासको प्रस्तवा फिर्ता नलिई सो सम्वन्धमा कार्यसमितिको २/३ बहुमतले सो प्रस्ताव समर्थन गरेमा सम्वन्धित सदस्य सम्वन्धित कमिटीबाट निष्कासन हुनेछन् ।

(ङ) माथि उल्लेख गरिए बमोजिमको अविश्वासको प्रस्ताव कुनैपनि सदस्यलाई कार्यसमितिको सदस्यबाट वा साधारण सदस्यबाट समेत मध्ये कुनबाट निष्काशन गर्ने हो सोको प्रस्तावमा स्पष्ट हुनु पर्नेछ ।

(च) माथि जेसुकै कुरा लेखिएको भएतापनि कुनै कमिटीको सदस्य तथा सदस्य युनियनको सदस्यलाई तत्काल कारबाही गर्न आवश्यक भएमा यही माथि उल्लेखित प्रक्रिया पुरा गर्ने गरी कुनैपनि कमिटीको अध्यक्षले आफ्ना मातहतको सदस्यलाई कुनैपनि बखत कारवाही गर्न सक्नेछन । यसरी कारवाही भएकोमा सो मितिले १ महिना भित्र सम्वन्धित कमिटीवाट कारवाहीको अनुमोदन गर्नु पर्नेछ ।

धारा २९- केन्द्रीय कमिटी भंग गर्न सकिने:

(क) सम्पूर्ण सदस्यमध्ये बहुमत सदस्यहरुले केन्द्रीय कमिटीप्रति संयुक्त रुपमा अविश्वास व्यक्त गरेको पत्र केन्द्रीइ कमिटीमा दर्ता गरेमा सो मितिले एक महिनापछि केन्द्रिय कमिटी भंग भएको मानिनेछ ।

(ख) उपदफा (क) बमोजिम केन्द्रीय कमिटी भंग भएमा सम्वद्ध महासंघले तोकेको यस यूनियनको कुनै सदस्यको अध्यक्षतामा नयाँ अन्तरिम केन्द्रीय कमिटी गठन गर्नेछ ।

(ग) उपदफा (ख) बमाजिम गठित अन्तरिम कमिटीले ६ महिनाभित्र सम्मेलन सम्पन्न गरी नयाँ कमिटी गठन गर्नु पर्नेछ ।

धारा ३०- मातहत कमिटी माथि कारवाही गर्न सकिने:

(क) कुनै मातहत कमिटीको कार्य समितिले यस यूनियन तथा सम्वन्धित कमिटीको नीति, विधान तथा कार्यक्रम विपरित हिँडेमा वा नेतृत्वको निर्देशनको अपहेलना गरेमा त्यस्तो कमिटीलाई केन्द्रीइ समतिले भंग गर्न सक्नेछ ।

(ख) उपदफा (क) अनुसार कार्यसमिति भंग भएपछि केन्द्रीय कमिटीले मातहत कमिटीको सदस्यता प्राप्त सदस्यको अध्यक्षतामा तत्काल नयाँ अन्तरिम कार्यसमिति गठन गरी दिनुपर्नेछ ।

परिच्छेद - १०

धारा ३१- निर्वाचन आयोगको गठन:

(क) कुनैपनि तहको पदाधिकारी तथा सदस्यको निर्वाचनको लागि सम्बन्धित तहको सम्मेलनले निर्वाचन आयोग गठन गर्न सक्नेछन् ।

(ख) निर्वाचन आयोगले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

धारा ३२- उम्मेदवार तथा निर्वाचन परिणाम:

(क) निर्वाचनमा उम्मेदवार हुनु, कुनैपनि सदस्यको निम्न योग्यता पुगेको हुनु पर्नेछ ।

१. प्रतिनिधिहरुको योग्यता:

१.१ सदस्यता प्राप्त गरेको मितिले २ वर्ष पुरा भएको हुनु पर्नेछ ।

२. केन्द्रीय कमिटीको लागि योग्यता:

२.१ जिल्ला कमिटी नबनेको हकमा सदस्यता लिएको २ वर्ष पुरा भएको हुनुपर्ने

२.२ केन्द्रीय कमिटीको पदाधिकारीको लागि एक कार्यकाल पुरा भएको हुनुपर्ने

तर केन्द्रय कमिटीको लागि सम्पूर्ण सदस्य संख्याको १०% सदस्य अध्यक्षले मनोनित गर्न सक्नेछ ।

(ख) १. धारा ३२ (क) बमोजिम उम्मेदवार भएका मध्ये आवश्यक भन्दा बढी उम्मेदवार भएमा गोप्य मतदानद्वारा बहुमत प्राप्त व्यक्ति निर्वाचित घोषित गरिनेछ ।

२. पदसंख्या र उम्मेदवार बराबर भएमा निर्विरोध घोषणा गरिनेछ ।

३. मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गरिनेछ ।

धारा ३३- निर्वाचन कार्यक्रम तथा मतदान:

निर्वाचन आयोगले निर्धारण गरेको समय र स्थानमा निर्वाचन कार्यक्रम संचालन र मतदान हुनेछ ।

परिच्छेद ११

धारा ३४- कोष

(क) यूनियनलाई आर्थिक रुपमा सवल र सक्षम बनाउन यसको छुट्टै कोष हुनेछ ।

(ख) कोषमा देहायका रकम जम्मा हुनेछन् ।

१. सदस्यता शुल्क/नवीकरण शुल्क

२. लेवी

३. विशेष अनुदान वा सहयोग

४. अन्य

धारा ३५- कोषको परिचालन:

(क) साधारण सदस्य तथा मातहत कमिटीले केन्द्रीय कमिटीले तोके बमोजिम सदस्यता शुल्क लेवी बुझाउनु पर्नेछ ।

(ख) खास कामको लागि उठाएको रकम कुनैपनि कमिटीले तथा सदस्य यूनियनले सोही काममा आंशिक वा पुरा खर्च गर्न सकिनेछ ।

(ग) यूनियनको आर्थिक कारोवार संचालनको लागि खोलिने वैंक खाता कम्तीमा ३ जनाको नाममा (अध्यक्ष, महासचिव र आर्थिक सचिव) रहने गरी खाता संचालन गरिनेछ । जसमध्ये कुनै २ जनामा आर्थिक सचिवको अनिवार्य हस्ताक्षर हुनेछ ।

(घ) विशेष परिस्थिति बाहेक विशेष सहयोग प्राप्त गर्दा मातहत कमिटीले माथिल्लो कमिटीसँग राय सल्लाह लिनुपर्नेछ ।

(ङ) यूनियनको सम्पूर्ण खर्च यूनियनको कोषबाट व्यहोरिनेछ र खर्चको स्वीकृति आफ्नो कमिटी वा सचिवालयबाट राख्नु पर्नेछ ।

(च) हरेक कमिटीको बजेट र आय-व्ययको विवरण आफ्नो पुरा विवरण सम्मेलनमा पेश गर्नु पर्नेछ ।

(छ) मातहत कमिटीको जिम्मामा रहेको वा मातहत कमिटीले संचालन गरेको रकम दुरुपयोग हुने अवस्था विद्यमान छ भनी केन्द्रीय कमिटीलाई लागेमा त्यस्तो रकम खर्च नगर्न सम्वन्धित कमिटीलाई केन्द्रीइ निर्देशन गर्नेछ र सो निर्देशन मातहतको कमिटीले अनिवार्य पालना गर्नु पर्नेछ ।

धारा ३६- लेखा परीक्षण:

(क) प्रत्येक कमिटीले आफ्नो वार्षिक हिसाब कितावको लेखा परीक्षण प्रत्येक वर्ष गर्नु पर्नेछ ।

(ख) प्रत्येक तहको सम्मेलनको सम्वन्धित कमिटीको लेखा परीक्षण गर्न आवश्यक ठानेमा लेखा परीक्षण नियुक्ति गर्न सक्नेछ ।

(ग) माथि उपधारा (ख) मा जेसुकै कुरा लेखिएको भएपनि केन्द्रीय कमिटीले मातहतका कमिटी तथा सदस्य यूनियनको लेखा परीक्षण जुनसुकै वेला गर्न सक्नेछ ।

(घ) यूनियनको आर्थिक अभिलेख दोहोरो लेखा प्रणाली (Double Entry System) बमोजिम राखिनेछ ।

परिच्छेद -१२
विविध

धारा ३७- यूनियन महासंघको सदस्य हुने:

यो यूनियन नेपाल ट्रेड यूनियन महासंघ जिफन्ट (GEFONT) मा आवद्ध यूनियन सदस्य हो ।

धारा ३८- यूनियनको विघटन:

१. सदस्यहरु ७५% भन्दा घटी हुन आएमा केन्द्रीइ कमिटीले राष्ट्रिय सम्मेलन बोलाउनु पर्नेछ । त्यस्तो राष्ट्रिय सम्मेलनको २/३ बहुमतले विघटन गर्ने निर्णय गरेमा यूनियन विघटन हुनेछ ।

धारा ३९- यूनियनको सम्मिलित :

(क) यो यूनियन र करलेखासँग सम्वन्धित क्रियाशिल अर्को ट्रेड यूनियन संघसँग सम्मिलित हुन सक्नेछ ।

(ख) उपधारा (क) बमोजिम सम्मेलन गर्ने सम्वन्धि आवश्यक सम्पूर्ण काम कारवाही केन्द्रीय कमिटीले गर्नेछ ।

(ग) केन्द्रीइ कमिटीले आवश्यकर परेमा यूनियन सम्मिलितका लागि विधान संशोधन लगायत राष्ट्रिय सम्मेलनबाट पछि अनुमोदन गर्ने गरी राष्ट्रिय सम्मेलनले गर्ने सम्पूर्ण अधिकारको प्रयोग गर्न सक्नेछ ।

धारा ४०- सम्पत्ति तथा दायित्वको उत्तराधिकारी :

(क) धारा ३८ बमोजिम यूनियन विघटन भएमा यूनियनको सम्पूर्ण सम्पति तथा दायित्वको उत्तराधिकारी सम्बद्ध महासंघ हुनेछ ।

(ख) धारा ३९ बमोजिम सम्मिलित भएमा एकिकृत ट्रेड यूनियन संघ नै सम्पति तथा दायित्वको उत्तराधिकारी हुनेछ ।

(ग) मातहत कमिटी भंग भएमा त्यस्ता कमिटीको सम्पति र दायित्वको उत्तराधिकारी केन्द्रीय कमिटी हुनेछ ।

धारा ४१- सम्बद्ध महासंघ यूनियन विचको अन्तर सम्वन्धको परिचालन:

(क) यो यूनियन ट्रेड यूनियन ऐन ०४९ बमोजिम दर्ता भएको नेपालको ट्रेड यूनियन महासंघ GEFONT सँग आवद्ध गर्ने निर्णय बमोजिम आवद्धता गरिएको छ ।

(ख) यो यूनियन सम्बद्ध महासंघको नीति निर्णय र कार्यक्रमलाई मान्नेछ साथै आफ्नो क्षेत्रभित्र लागु गर्न प्रयत्नरत रहनेछ ।

(ग) यो यूनियनले नियमित रुपमा सम्बद्ध महासंघले तोके बमोजिमको मासिक सहयोग (लेवी) बुझाउनेछ ।

धारा ४२- विधान संशोधन :

यो विधान संशोधन गर्ने अभिारा राष्ट्रिय सम्मेलनलाई मात्र रहनेछ ।

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय श्रम विभाग बबरमहल, काठमाण्डौ २०६५

धारा ४३- कर्मचारी नियुक्ति गर्न सक्ने :

१. यूनियनको कामको आवश्यकता हेरी विभिन्न कमिटीहरुले कर्मचारी तथा कार्यालय सचिव नियुक्ति गर्न सक्नेछन् । कर्मचारीको नियुक्ति, बढुवा बरखास्ती तथा सेवाको शर्तहरु सम्वन्धित कमिटीले तोके बमोजिम हुनेछ ।

धारा ४४- कार्यालय :

यूनियनको केन्द्रीय कार्यालय काठमाडौंमा र अन्य तहका कार्यालयहरु सम्वन्धित कमिटीले तोकेको ठाउँमा रहनेछ ।

धारा ४५- अन्तर्राष्ट्रिय सम्वन्ध :

यो यूनियनको प्रकृतिसँग मेल खाने कुनै अन्तर्राष्ट्रिय ट्रेड यूनियन संघसँग सदस्य हुन सक्नेछ ।

धारा ४६- आयोजक कमिटी :

(क) प्रत्येक तहको सम्मेलन हुनुभन्दा अगाडि सम्वन्धित कमिटीले आवश्यक ठानेमा सम्मेलन आयोजक कमिटी गठन गर्न सक्नेछ ।

(ख) आयोजक कमिटीलाई पूर्ण कमिटी सरह अधिकार हुनेछ ।

(ग) आयोजक कमिटीमा संयोजक - १, सचिव -१, आवश्यक संख्यामा सदस्यहरु हुनेछन् ।

(घ) आयोजक कमिटी सोही तहको सम्मेलन शुरु भई अध्यक्ष मण्डल गठन भएपछि विघटन हुनेछ ।

धारा ४७- अध्यक्ष मण्डल :

(क) सम्मेलनको बन्द सत्र संचालनका लागि आयोजक कमिटी वा पूर्ण कमिटीले अध्यक्ष मण्डल गठन गर्नेछ ।

(ख) अध्यक्ष मण्डलले सम्मेलन अवधिमा सो कमिटीको सम्पूर्ण जिम्मेवारी वहन गर्नेछ ।

(ग) अध्यक्ष मण्डलले नयाँ निर्वाचित नेतृत्वले सपथग्रहण गरिसकेपछि मात्र नेतृत्व हस्तान्तरण गर्नेछ ।

धारा ४८- सपथग्रशण:

१. यूनियनको कुनैपनि तहको पदाधिकारीले वा सदस्यले अनुसूची - ३ बमोजिम सपथग्रहण गर्नुपर्नेछ ।

अनुसूची - १: प्रतिक चिन्ह

TAX COUNSELLER WORKERS ORGANIZATION OF NEPAL

COWNT

ESTD. 2068

नेपाल सरकार
श्रम तथ रोजगार मन्त्रालय
श्रम विभाग
भवन, काठमाण्डौ
२०६५

अनुसूची - २: झण्डाको नमूना



अनुसूची - ३: सपथग्रहण

"म नेपाल कर सहयोगी श्रमिक संगठनको झण्डामुनि उभिएर यो सपथ गर्दछु कि म सत्य,निष्ठा र इमान्दारीपूर्वक कर सहयोगी श्रमिकवर्ग, देश र जनताको पक्षमा उभिनेछु । म आफ्नो पदको जिम्मेवारी पूरा गर्न सदा लगनशील रहनेछु । म कर सहयोगी श्रमिक संगठनको विधान बमोजिमको उद्देश्य र लक्ष्य प्राप्तिको लागि कर सहयोगी रहुन्जेलसम्म सम्मेलनले पारित विधान भित्र रही यसका नीति निर्देशनलाई निस्वार्थरुपले पालना गर्दै अघि बढ्नेछु । म कमिटी पद्धति अनुशासन, गोपनीयता, प्रगतिशील र प्रजातान्त्रिक आचरणलाई कडाईकासाथ पालना गर्दै जनवादी केन्द्रीयता अनुरुप संघका सबै कामहरु गर्नेछु । म जस्तोसुकै कठित परिस्थितिमा पनि व्यक्तिगतहितलाई संघको हितमा अधिनस्त राख्नेछु ।"

कर सहयोगी श्रमिक संगठन, नेपालको प्रथम राष्ट्रिय भेला २०६८ चैत्र ११ गते नेपाल आर्ट काउन्सिल, बबरमहल, काठमाडौंमा भएको प्रथम राष्ट्रिय भेलाबाट निर्वाचित केन्द्रिय कार्यसमितिको नामावली यस प्रकार छ।

१.	अध्यक्ष	-	उद्धव प्रसाद कडारिया
२.	उपाध्यक्ष	-	सन्तोष कुमार काफ्ले
३.	उपाध्यक्ष	-	तारानाथ दाहाल
४.	महासचिव	-	पदम नारायण त्रिपाठी
५.	आर्थिक सचिव	-	शिव प्रसाद न्यौपाने
६.	प्रशासनिक सचिव	-	गणेश धिमाल
७.	सदस्य	-	नवराज वर्तौला
८.	"	-	पुष्कर भक्त खरेल
९.	"	-	सागर सिद्धि तुलाधर
१०.	"	-	रञ्जना पाठक
११.	"	-	विष्णुराज कडरिया
१२.	"	-	मुना संग्रौला
१३.	"	-	भवनी चौलागाई

नेपाल सरकार
श्रम तथ रोजगार मन्त्रालय
श्रम विभाग
मिनभवन, काठमाण्डौ
२०६५

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

स्थायी लेखा नम्बर : ३ ० २ ६ ९ ८ ० ९ १

करदाता सेवा कार्यालय : त्रिपुरेश्वर

दर्ता मिति

	दिन	महिना	साल
आयकर :	२९	०४	२०६४
मु. अ. कर :	—	—	—
अन्त:शुल्क :	—	—	—

कारोबारको नाम : कर सहयोगी श्रमिक संगठन, नेपाल

करदाताको प्रकार : अन्य

ठेगाना : वार्ड नं. ११, बबरमहल
महानगरपालिका: काठमाण्डौं,
काठमांडौं

व्यवसाय कारोबारहरु : कर सम्बन्धी तथा अन्य परामर्श सेवाहरु,

करदाताको दस्तखत

कर अधिकृतको दस्तखत

कर अधिकृत

करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:

- कारोवार गर्दा अनिवार्य रुपमा विल विजक जारी गर्नुपर्छ ।
- मू.अ.करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा द्वैमासिक वा चौमासिक) समाप्त भएको २५ दिनभित्र मू.अ.कर विवरण तथा मू.अ.कर रकम बुझाउनु पर्छ ।
- अन्त:शुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मास्केवारी र अन्त:शुल्क रकम बुझाउनु पर्छ ।
- प्रत्येक आर्थिक वर्षका आय विवरण असोज मसान्तभित्र बुझाउनु पर्छ ।
- समयमा विवरण र कर रकम नबुझाएमा व्याज, शुल्क र जरिवाना लाग्नेछ ।
- यो प्रमाणपत्र देखिने गरी कारोवार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नुहोला ।

अनुसूची -४

नेपाल सरकार

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

श्रम विभाग

ट्रेड यूनियन संघ दर्ताको प्रमाण-पत्र

दर्ता प्रमाण-पत्र नं. २५६

कर सहयोगी श्रमिक संगठन नेपाल ट्रेड यूनियन संघलाई ट्रेड यूनियन ऐन २०४९ (पहिलो संसोधन २०५५) को दफा ४ को उपदफा ४ बमोजिम दर्ता गरी ट्रेड यूनियन नियमावली २०५० को नियम ६ बमोजिम यो दर्ताको प्रमाण-पत्र दिइएको छ ।

०६६।६।१५

पञ्जिकाधिकारीको दस्तखत

नोट : ट्रेड यूनियन ऐन, २०४९ (पहिलो संसोधन २०५५ (को दफा ४ को उपदफा ५ बमोजिम ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

		दर्ता मिति	
	दिन	महिना	साल
आयकर :	२९	०४	२०६४
मु. अ. कर :	–	–	–
अन्तःशुल्क :	–	–	–

स्थायी लेखा नम्बर : ३ ० २ ६ ९ ८ ० ९ १

करदाता सेवा कार्यालय : त्रिपुरेश्वर

कारोबारको नाम : कर सहयोगी श्रमिक संगठन, नेपाल

करदाताको प्रकार : अन्य

ठेगाना : वार्ड नं. ११, बबरमहल
महानगरपालिका: काठमाण्डौं,
काठमाडौं

व्यवसाय कारोबारहरु : कर सम्बन्धी तथा अन्य परामर्श सेवाहरु,

करदाताको दस्तखत

कर अधिकृतको दस्तखत

कर अधिकृत

करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:

- कारोवार गर्दा अनिवार्य रुपमा विल विजक जारी गर्नुपर्छ।
- मू.अ.करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा द्वैमासिक वा चौमासिक) समाप्त भएको २५ दिनभित्र मू.अ.कर विवरण तथा मू.अ.कर रकम बुझाउनु पर्छ।
- अन्तःशुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मास्केवारी र अन्तःशुल्क रकम बुझाउनु पर्छ।
- प्रत्येक आर्थिक वर्षका आय विवरण असोज मसान्तभित्र बुझाउनु पर्छ।
- समयमा विवरण र कर रकम नबुझाएमा ब्याज, शुल्क र जरिवाना लाग्नेछ।
- यो प्रमाणपत्र देखिने गरी कारोवार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नुहोला।